दर्ता नं.:८३/०५०/०५१
मिलिजुली कालिञ्चोक
बचत तथा ऋण सहकारी संस्था लि.
MILIJULI KALINCHWOK SAVING & CREDIT COOPERATIVE LTD.
भीमेश्वर न.पा.-६, चरिकोट, दोलखा
०४९-४२१३९७, ४२१०४३, ४२१५३९, ४२१३०३
miljuli50.saccos@gmail.com
www.miljuli.coop.np

च.नं.प.सं : /२०८२/०८३ मिति : २०८३ जेष्ठ ६ गते

**बिषय : सदस्यता खारेज सम्बन्धी सुचना ।**

उपरोक्त सम्बन्धमा यस भन्दा अगाडि संस्थाको सम्पत्ति शुद्धिकरण निवारण कार्यविधि बमोजिम सदस्य पहिचान फाराम (केवाईएम) अपडेट र सहकारीको तेस्रो सिद्धान्त बमोजिम मासिक बचत नियमित गर्ने बारेमा फोन मार्फत्, भेटेरै तथा बिभिन्न माध्यामबाट यहाँहरुलाई अनुरोध गरेको कुरा हजुरहरुमा अवगतै छ । सङ्घिय सहकारी ऐन २०७४ को परिच्छेद ५ दफा ३४, बागमती प्रदेश सहकारी ऐन २०७६ को परिच्छेद ५ दफा ३०, सङ्घिय सहकारी नियमावली २०७५ को परिच्छेद ३ नियम १७ र संस्थाको बिनियमलाई आधार मानी गरीएको पूर्व सूचना अनुसार केवाईएम अपडेट नगर्ने र धेरै समय अगाडि देखी मासिक बचत नियमित नगर्ने भनि संस्थाको बचत बिभाग बाट प्रमाणित गरी पेश गरेको बिबरणमा उल्लेखित शेयर सदस्यहरुले सङ्घिय सहकारी नियावली २०७५ को परिच्छेद ३, नियम १७, उपनियम १ को (ग) र संस्थाको पुनर्लिखित बिनियम २०७९ संशोधन सहितको परिच्छेद ३ दफा १२ (ख) बमोजिम मनासिब माफिकको सफाइ पेश गर्न अथवा शेयर, बचत लगाएत सम्बन्धित शेयर सदस्यले पाउँनु पर्ने रकम सूचना प्रकासित भएको मितिले ३५ दिन भित्र दावि गर्न आउनको लागि सूचित गरिन्छ । यदि दावि गर्न नआएमा सङ्घिय सहकारी ऐन २०७४ को परिच्छेद ५ दफा ३४ को उपदफा १ (ख), (ग) र (घ), बागमती प्रदेश सहकारी ऐन २०७६ को परिच्छेद ५ दफा ३० को उपदफा १ (ख), (ग) र (घ), सङ्घिय सहकारी नियमावली २०७५ को परिच्छेद ३ नियम १७, संस्थाको पुनर्लिखित बिनियम २०७९ संशोधन सहितको परिच्छेद ३ दफा १० (ख) र दफा १२ (क) २ लाई आधार मानी सङ्घिय सहकारी नियमावली २०७५ को परिच्छेद ३ नियम १७, उपनियम १ को (ख) बमोजिम सञ्चालक समितिद्वारा गठित उपसमितिको बैठकको निर्णय बमोजिम सम्बन्धितको रकम भुक्तानी दिनुपर्नेमा राखी सदस्यता खारेज गर्न सञ्चालक समितिमा नामावली सिफारिस गरीने ब्यहोरा जानकारी गराईन्छ ।

**सदस्यता [सम्बन्धी] उपसमिति**